# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- ११**

मिति २०८०।०६।२२

## छलफल तथा निर्णय

निर्णयहरु :

१. समितिको आजको बैठकमा चालु आ.व.०८०/८१ को बजेट तथा कार्यक्रममा समावेश भएका मन्त्रालयको क्षेत्राधिकार भित्रका नीति कार्यान्वयनका लागि मन्त्रालयले के कस्ता मापदण्ड बनाएको छ? पहाडि जिल्लामा पर्यटन इकाई र त्यसका लागि आवश्यक जनशक्ति नहुँदा अर्को निकायबाट कार्यक्रम सञ्चालनको अवस्थाका सम्बन्धमा मन्त्रालयको ध्यान किन पुग्न सकेन? क्रसर उद्योग सञ्चालनको मापदण्ड के हो? मापदण्ड विपरीत सञ्चालनमा आएका क्रसर उद्योगको नियमन कसले गर्ने? काष्ठ तथा गैरकाष्ठ सङ्कलन सम्बन्धीको स्पष्ट कार्यविधि के हो? प्रदेशमा रहेका जडिबुटीहरुको पहिचान र त्यसको डिजिटलाईजेशन गर्नमा मन्त्रालयले के कस्तो रणनिति बनाएको छ? प्रदेशमा उद्योग स्थापनाका लागि कच्चा पदार्थहरुको उपलब्धताका सम्बन्धमा मन्त्रालयले के कति तथ्याङ्क अद्यावधिक गरेको छ? प्रत्येक वर्ष महाभारत क्षेत्र संरक्षणका लागि मन्त्रालयले खर्च गरेको रकम के कस्ता शिर्षकमा खर्च भए? लगायतका विषयमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिवसँग छलफल भयो ।

२. समितिको आठौ बैठकको निर्णयानुसार मिति २०८०।०४।३२ गतेको पत्रमार्फत् माग गरिएका नियमावली/निर्देशिका/कार्यविधि/मापदण्डहरु समितिमा उपलब्ध नभएको हुँदा सोही व्यहोरा उल्लेख गरी तत्काल उपलब्ध गराउन पत्राचार गर्ने ।